# स्थानीय सरकार

# वीरगंज राजपत्र

वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, २०८० साल चैत्र महिना २२ गते, संख्या ३

## भाग – १

# वीरगंज महानगरपालिका सङ्घ, संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८०

**स्थानीय सरकार**
**वीरगंज राजपत्र**

**वीरगंज महानगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ७, २०८० साल चैत्र महिना २२ गते, संख्या ३**

**भाग – १**

नेपालको संबिधानको धारा २२६ तथा मधेश प्रदेश गाउ सभा र नगर सभाको कानुन निर्माण प्रक्रियाको सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन २०७७ बमोजिम बिरगंज महानगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्बत २०८० सालको ऐन नम्बर ३**

# वीरगंज महानगरपालिका सङ्घ, संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८०

# वीरगंज महानगरपालिका सङ्घ संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन, २०८०

प्रस्तावना : सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाको स्थापना तथा दर्ता गरी सामाजिक र आर्थिक रुपान्तरण गर्ने कार्य गर्ने तथा समाज सुधारका निमित्त स्थापना भएका संस्थाहरुलाई व्यवस्थित रुपमा परिचालन गर्न वाञ्छनिय भएकोले वीरगंज महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१ प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "वीरगंज महानगरपालिका सङ्घ संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भै प्रचलित कानुनबमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले वीरगंज महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिमको सम्झनु पर्छ ।

(घ) "दर्ता अधिकारी" भन्नाले वीरगंज महानगरपालिकाले निर्णय गरी तोकिदिएको अधिकारीलाई सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक विकास कार्यमा प्रचलित कानुनबमोजिम सहयोग गर्ने द्विपक्षिय तथा बहुपक्षीय साझेदारलाई सम्झनुपर्छ ।

(च) "नेपाल ऐन" भन्नाले कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्य क्षेत्र यकिन गर्ने सम्बन्धमा बनेको सङ्घीय वा प्रदेश ऐनलाई सम्झनुपर्छ ।

(छ) "न्यायिक समिति" भन्नाले नेपालको संविधानमा व्यवस्था भएबमोजिम वीरगंज महानगरपालिकाको न्यायिक समितिलाई सम्झनुपर्छ ।

(ज) "महानगरपालिका" भन्नाले वीरगंज महानगरपालिकालाई सम्झनुपर्छ ।

(झ) "विधान" भन्नाले यो ऐन अनुसार स्थापना हुने संस्थाको विधानलाई सम्झनुपर्छ ।

(ञ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, आर्थिक, व्यवसायिक, परोपकारी कार्यको विकास तथा विस्तार गर्ने उद्धेश्यले स्थापना भएको सङ्घ , संस्था, क्लब, मण्डल, परिषद, अध्ययन केन्द्र आदिलाई सम्झनुपर्छ र सो शब्दले मैत्री सङ्घ समेतलाई जनाउँनेछ ।

(ट) "समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समितिलाई सम्झनुपर्छ ।

(ठ) "स्थानीय सरकार" भन्नाले वीरगंज महानगरपालिका भन्ने सम्झनुपर्छ ।

## परिच्छेद–२

## संस्था दर्तासम्बन्धी व्यवस्था

**३. दर्ता नगरी संस्था स्थापना गर्न नहुने :**

(१) यस ऐनबमोजिम संस्था दर्ता नगरी महानगरपालिका क्षेत्रभित्र कुनै पनि संस्था स्थापना गर्नु हुँदैन । संस्था दर्ता गर्न महानगरपालिकामा पेस हुने निवेदनको ढाँचा अनुसूची-१ मा उल्लेख गरेबमोजिम हुनेछ ।

(२) संविधान र कानुनले निषेध गरेको कुनै पनि काम गर्ने उद्देश्य भएको कुनै पनि संस्था दर्ता गरिने छैन । संस्था दर्ता भएपछि अनुसूची–२ बमोजिमको दर्ता किताबमा दर्ता गरी अभिलेख राख्नुपर्ने छ । तर यस दफाको प्रतिकूल हुने गरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुने छ ।

(३) यस ऐन बमोजिम दर्ता गरिने संस्थालाई अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्ने छ ।

**४. संस्थाको दर्ता :**

(१) संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले आवश्यकताका आधारमा सात जनादेखि बढीमा पन्ध्र जनासम्मको पदाधिकारीको विवरण र संस्थाको विधानको एकप्रति राखि तोकिएको दस्तुर बुझाई दर्ता अधिकारी समक्ष निवेदन दिनुपर्ने छ :–

(क) संस्थाको नाम,

(ख) संस्थाको उद्देश्य,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना,

(२) उपदफा (१) बमोजिमको निवेदन पेस गर्दा देहाय बमोजिमका कागजातहरु संलग्न भएको हुनुपर्ने छ :–

(क) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ख) कार्य समितिका सदस्यको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) असल चालचलन भएको प्रहरीको सिफारिस पत्र,

(घ) संस्थाको प्रमाणित विधान ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था दर्ता गर्न चाहने कानुनी व्यक्ति भएमा त्यस्तो कानुनी व्यक्तिको वैधानिकता पुष्टि गर्ने र प्रचलित नेपाल कानुनबमोजिम अद्यावधिक रहेको कागजात पेस गर्नुपर्ने छ ।

(४) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी प्रमाणपत्र दिनुपर्ने छ ।

(५) यस ऐनबमोजिम संस्था दर्ता गरी दिईने प्रमाणपत्रको ढाँचा अनुसूची–३ बमोजिम हुनेछ र सो बापतको दर्ता तथा नवीकरण दस्तुर महानगरपालिकाले तोकेबमोजिम हुनेछ ।

(६) दर्ता अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको कारण सहितको सूचना १५ दिनभित्र निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५

दिनभित्र उक्त निर्णय चित्त नबुझे जिल्ला अदालतमा उजुरी दिन सक्ने छ ।

५. **संगठित संस्था मानिने :** (१) यस ऐनबमोजिम दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारीवाला स्वशासित र संगठित संस्था हुने छ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ तर कुनै सम्पत्ति प्राप्त गर्दा तिर्नुपर्ने राजस्व छुट लिएको भए सो सम्पत्ति बेचबिखन गर्दाका बखत तोकिएको राजस्व तिर्नुपर्ने छ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. **संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य, कर्मचारी वा अन्य व्यक्तिले संस्थाको विधान विपरित कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा दर्ता अधिकारीले

त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी दर्ता अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतसमक्ष पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य, कर्मचारी वा अन्य व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा क्षति गरेमा संस्थाको कुनै सदस्य वा दर्ता अधिकारीले प्रचलित कानुनबमोजिम मुद्दाको कारबाही अघि बढाउन सक्नेछ ।

७. अघि दर्ता नभई सञ्चालन भएका संस्थाले दर्ता गर्नुपर्नेः (१) यस ऐन प्रारम्भ हुनुअघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई सञ्चालन भै रहेका संस्थाहरुले समेत यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यस ऐनबमोजिम दर्ता गराउनुपर्ने छ ।

(२) संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई महानगरपालिका क्षेत्रभित्र सञ्चालित संस्थाहरुले महानगरपालिकामा निवेदन दिई अद्यावधिक गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम अद्यावधिक गर्नुपर्ने संस्थाहरुका लागि निश्चित समय तोकि महानगरपालिकाले सार्वजनिक सूचना प्रकाशित गर्ने छ ।

## परिच्छेद-३

## संस्थाको उद्देश्य तथा हिसाब जाँचसम्बन्धी व्यवस्था

**८. संस्थाको उद्देश्यमा हेरफेर :** (१)संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखिएमा वा सो संस्थालाई अर्को कुनै संस्थासँग गाभ्न उचित देखिएमा सो संस्थाको समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको साधारण सभा मा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको कम्तिमा दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभा बाट पारित भएको मानिने छ । तर सो प्रस्ताव लागू गर्न अधिकारीको पूर्वस्वीकृति लिनुपर्ने छ ।

**९. हिसाबको विवरण पठाउनुपर्ने :**समितिले आफ्नो संस्थाको हिसाब विवरण लेखा परीक्षण प्रतिवेदन सहित प्रत्येक वर्ष दर्ता अधिकारी समक्ष पठाउनुपर्ने छ ।

**१०. हिसाब जाँच गर्ने :** (१) दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको दर्तावाला लेखा परीक्षकबाट जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराउदा दर्ता अधिकारीले लेखा परिक्षकलाई दिनुपर्ने पारिश्रमिक संस्थाबटै दिनुपर्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृत वा लेखा परीक्षकले मागेको विवरण तथा  कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकारीले तोकिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन तयार गरी दर्ता अधिकारी समक्ष पेश गर्नुपर्ने छ । सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ । तर प्रचलित कानुनले सजाय हुने अपराध भएकोमा प्रचलित कानुनबमोजिम मुद्दा चलाउनुपर्नेछ ।

## परिच्छेद-४

## विविध

**११. निर्देशन दिने :** महानगरपालिकाले यस ऐनबमोजिम दर्ता भएका संस्थालाई आवश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :** देहायबमोजिमको कार्य गरेबापत दर्ता अधिकारीले देहायबमोजिम सजाय गर्न सक्नेछ :–

(क) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगराई संस्था सञ्चालन गरेमा त्यस्तो संस्थाको समितिका सदस्यहरुलाई दर्ता अधिकारीले जनही रु. ५००० देखि रु. १०,००० जरिवाना गर्न सक्नेछ ।

(ख) दफा ९ बमोजिमको हिसाबको विवरण नपठाएमा समितिका सदस्यहरुलाई जनही रु. २००० देखि रु.५,००० हजारसम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लङ्घन हुन नदिई सकभर विवरण पठाउन प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गरेमा निजलाई सजाय गरिने छैन ।

(ग) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई दर्ता अधिकारीले रु. १००० देखि रु.५,००० हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(घ) दफा ८ बमोजिम दर्ता अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभिएमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा महानगरपालिकाले दिएको निर्देशनपालना नगरेमा दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

१३. पुनरावेदन : दफा १३ बमोजिम दर्ता अधिकारीले गरेको निर्णय उपर चित्त नबुझेमा पैंतीस दिनभित्र जिल्ला अदालतसमक्ष पुनरावेदन गर्न सकिनेछ ।

१४. संस्थाको विघटन र त्यसको परिणाम : (१) संस्थाको विधानबमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारण वस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा महानगरपालिकामा सर्ने छ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्मको दायित्व उपदफा (१) बमोजिमको जायजेथाबाट महानगरपालिकाले उपलब्ध गराउने छ ।

१५. प्रचलित कानुन बमोजिम हुनेः महानगरपालिकामा दर्ता भएको संस्था महानगरपालिकाको भौगोलिक क्षेत्रबाहिर प्रचलित कानून बमोजिम क्रियाशिल हुन सक्नेछ ।

१६. नवीकरण र प्रतिवेदनसम्बन्धी व्यवस्थाः (१) दर्ता भएका संस्थाहरुले वार्षिक रुपमा नवीकरण गराउनुपर्ने छ । नवीकरणका लागि दिईने निवेदनमा वार्षिक प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र, महानगरपालिकालाई तिर्नु/बुझाउनु पर्ने राजस्व तिरेको कागजात समेत अनिवार्य रुपमा संलग्न भएको हुनुपर्ने छ । नवीकरण दस्तुर महानगरपालिकाले तोकेबमोजिम हुनेछ ।

१७. नियमावली बनाउन सक्नेः यस ऐन कार्यान्वयन गर्न महानगरपालिकाले नियम बनाउन सक्नेछ ।

१८. कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने : यस ऐन कार्यान्वयनका लागि महानगरपालिकाले कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

नगरसभाबाट पारित मिति **२०८०/०९/२७**
प्रमिकरण मिति **२०८०/१०/०४**
राजपत्र प्रकाशित मिति **२०८०/१२/२२**

**आज्ञाले**
मातृका भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
वीरगंज महानगरपालिका

## अनुसूची–१
## दफा ३ को उपदफा (१) सँग सम्बन्धित
## संस्था दर्ता गर्न दिने निवेदनको ढाँचा

**मितिः**

श्री दर्ता अधिकारीज्यू,

वीरगंज महानगरपालिका ।

हामीले ................................ सम्बन्धी संस्था खोल्न चाहेकोले वीरगंज महानगरपालिका सङ्घ संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन, २०८० बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

विवरण

१. संस्थाको नाम :

२. संस्थाको उद्देश्य :

(क)

(ख)

३. समितिका पदाधिकारी/सदस्यहरुको:– नाम ठेगाना पेशा हस्ताक्षर

(क)

(ख)

(ग)

४. संस्था सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक श्रोत :

५. कार्यालयको ठेगाना :

मिति :

## अनुसूची–२

## दफा ३ को उपदफा (२) सँग सम्बन्धित

## दर्ता किताबको ढाँचा

संस्थाको दर्ता

किताब दर्ता नं

दर्ता मिति

संस्थाको नाम र ठेगाना

संस्थाको उद्देश्य

संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना

कैफियत साल महिना गते

## अनुसूची–३
## दफा ३ को उपदफा (३) सँग सम्बन्धित
## प्रमाणपत्रको ढाँचा

संस्था दर्ता प्रमाणपत्र
श्री अध्यक्ष/सचिव, ...................................।
...................................... (संस्थाको नाम)

वीरगंज महानगरपालिका सङ्घ संस्था दर्ता तथा नियमनसम्बन्धी ऐन, २०८० को दफा .... बमोजिम .......... साल ........... महिना ......... गते दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

दर्ता अधिकारीको सही :
पुरा नाम, थर :
दर्जा :
कार्यालय :
नवीकरण नवीकरण गरेको मिति
दर्ताको प्रमाण पत्र बहाल रहने अवधि
नवीकरण दस्तुर
दर्ता अधिकारीको दस्तखत